Rupantaran: A Multidisciplinary Journal
Vol. IX: PP 172-185, January, 2025
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v9i01.73520
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# ‘हर्कबहादुर’ कवितामा अवरजन

यज्ञप्रसाद गुरागाईं, पिएच.डी.[1]
Email: *guragain.yagya@gmail.com*

## लेखसार

कवि दिनेश अधिकारीद्वारा रचना गरिएको ‘हर्कबहादुर’ कवितामा प्रयोग भएको अवरजनको अध्ययनमा यो लेख केन्द्रित रहेको छ । समाजमा निर्धा, निमुखा, एवं उपेक्षित वर्गलाई अवरजन भनिन्छ । उक्त कवितामा अवरजनको प्रयोगको अवस्था के कस्तो छ भन्ने मुख्य समस्याको समाधानार्थ अवरजनिक प्रयोगको अवस्था पत्ता लगाउनु यस लेखको उद्देश्य रहेको छ । यहाँ पुस्तकालयमार्फत सङ्कलन गरिएका 'हर्कबहादुर' कविताका सान्दर्भिक कवितांशलाई प्राथमिक स्रोतका सामग्री र विभिन्न पुस्तक, पत्रपत्रिका तथा अनलाइन लेखहरूलाई द्वितीय स्रोतका सामग्री मानी तिनको उपयोग गरिएको छ । गुणात्मक ढाँचामा आधारित भई तयार गरिएको यस लेखमा प्रस्तुतीकरणका विधिका रूपमा भने विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ । कवितामा अवरजनिक प्रयोगको अवस्था पत्ता लगाउन अवरजन पात्रको उपस्थिति, अवरजनसूचक चारित्रिक अभिलक्षण, पात्रको कार्यव्यापार र प्रतिनिधित्व तथा लेखकीय पक्षधरतालाई सूचकका रूपमा उपयोग गरिएको छ । अन्तमा हर्कबहादुरलाई पात्रका रूपमा उपस्थित गराई निम्नवर्गीय नेपालीहरूको अवरजनिक अवस्थाको प्रस्तुतीकरण गरिएको यो कविता अवरजन प्रयोगको नमुना रचना हो भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जीः* सवाल्टर्न, शरीर राजनीति, सीमान्तीकृत, समाख्याता

## परिचय

दिनेश अधिकारी (२०१६) नेपाली साहित्यमा सुपरिचित नाम हो । उनी मूलतः कविता र गीतका क्षेत्रमा प्रसिद्धि प्राप्त गरेका व्यक्ति हुन् । यिनले *अन्तरका छिटाहरू, धर्तीको गीत, आदिम आवाज, सीमान्त सपना, भरियाको भूगोल, अतिरिक्त अभिलेख* आदि कविता सङ्ग्रहहरू; *इन्द्रजात्रा* (काव्य) तथा *अविराम यात्रा, आफ्नै मनः आफ्नै आँगन, मन* र मोडहरू र *म बिर्सूँ कसोरी* गीत सङ्ग्रहहरू प्रकाशित गरेका छन् । यिनले सामाजिक समस्याहरूलाई

[1] डा. गुरागाईं त्रिभुवन विश्वविद्यालय धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा नेपाली विषयमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

कवितामा मार्मिक ढङ्गले प्रस्तुत गरी कविताको रचना गरेका छन् । यिनीद्वारा रचना गरिएको प्रस्तुत कविता प्रथम पटक २०३८ सालमा *रूपरेखा* पत्रिकामा प्रकाशित भएको थियो (ढुङ्गेल, सन् २०२३) । यसलाई *धर्तीको गीत* कविता सङ्ग्रहमा पनि सङ्गृहीत गरिएको छ ।

अवरजन शब्द 'अ', 'वर' र 'जन' तीनओटा भाषिक एकाइहरूको योगबाट निर्मित व्युत्पन्न शब्द हो । यहाँ प्रयुक्त 'जन' को अर्थ मानिस, 'वर' को अर्थ श्रेष्ठ वा उच्च र 'अ' को अर्थ अकरण भन्ने हुन्छ । यसर्थ अवरजन भनेको श्रेष्ठता प्राप्त गर्न नसकेको वा निम्नस्तरको मानिस भन्ने बुझिन्छ । शर्माका अनुसार समाजको गरिब एवं शोषितहरूको तल्लो तप्कामा रहेको दलिएको, हेपिएको, कज्याइएको, पछि परेको र निर्धो व्यक्तिलाई अवरजन भनिन्छ (२०६६, पृ. ११७) । अवरजन शब्दकै पर्यायका रूपमा सीमान्तीयता र सवाल्टर्न शब्दहरू प्रयोग भएका पाइन्छन् । बरालका अनुसार सवाल्टर्नको अर्थ निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेकाहरू भन्ने हुन्छ (२०७३, पृ. १७२) । सामान्यतया यसले सर्वसाधारण जनतालाई जनाउँछ । अधीनस्थ भएकाले समाजमा अवरजनको पहुँच हुँदैन । पहुँचविहीन भएकाले राज्यबाट सुविधा लिन सकेको पनि हुँदैन । अवरजनसम्बन्धी चिन्तनमा राजनीतिक चेतनाले पनि प्रभाव पारेको पाइन्छ । सुवेदीका अनुसार पूर्वमा वर्ण र जाति विभाजनका विभिन्न आधारहरूलाई र पश्चिममा भारतीय समाजको वर्ण व्यवस्थाको आधारलाई सबाल्टर्नसम्बन्धी अध्ययनको केन्द्र बनाएका छन् (२०६८, पृ. ७३) । सुविधाविहीन व्यक्तिलाई साहित्यकारद्वारा कृतिमा प्रस्तुत गरिएको हुन्छ । कृतिमा प्रयुक्त तल्लो दर्जाका यिनै पात्रलाई अवरजन भनेर बुझ्न सकिन्छ (शर्मा, २०७८, पृ. ९७) । सामाजिक, आर्थिक आदि कारणले पछि परेको व्यक्तिको दैनन्दिनी, भोगाइ तथा चरित्रको चित्रण गर्दै अवरजनिक प्रयोगलाई साहित्यिक कृतिमा प्रस्तुत गरिएको हुन्छ । पाण्डेयका अनुसार राज्यको मूल धारमा नपरेका  विभिन्न वर्ग, समूह र व्यक्तिको दुःख, मर्म, पीडा, व्यथा र दिनचर्यालाई विषय बनाएर लेखिएका साहित्यिक सिर्जना नै सीमान्तीयताका उदाहरण हुन् (२०७३, पृ. ३४) । यस लेखमा पनि कवि दिनेश अधिकारीकृत 'हर्कबहादुर' कवितामा प्रस्तुत गरिएका अवरजनिक प्रयोगहरूको अध्ययन गरिएको छ ।

'हर्कबहादुर' कवितामा अवरजनिक प्रयोगको अवस्था के कस्तो छ भन्ने मूल प्राज्ञिक समस्यामा केन्द्रित भई यो लेख तयार गरिएको छ । यसर्थ उक्त कवितामा प्रयुक्त अवरजनिक प्रयोगको अवस्था पत्ता लगाउनु यस लेखको उद्देश्य रहेको छ । यस शीर्षकमा अरू कसैबाट अध्ययन गरेको नपाइएकाले यसले अनुसन्धानगत रिक्ततालाई समेत पूरा गरेको छ । यसर्थ यस लेखको औचित्य देखिएको छ । तथापि उल्लिखित कवितामा प्रयोग भएको अवरजनिक अवस्थाको मात्र अध्ययन गरिनु  यस लेखको सीमा बन्न पुगेको छ ।

## सैद्धान्तिक आधार

पूर्व र पश्चिम दुवैतिर सामाजिक संरचनामा मान्छेलाई जाति, लिङ्ग, वर्ग, पेसा वा व्यवसाय, श्रम, आङ्गिक दुर्बलता, बासस्थान आदिका आधारमा विभाजित गरी केन्द्रभन्दा बाहिर राख्ने गरिएको पाइन्छ । मान्छेलाई सीमान्तीकृत गरी गरिएका सबै किसिमका विभेदहरूका कारण पछि परेको वा पारिएका व्यक्तिलाई अध्ययनको विषय

बनाएपछि अवरजनिक अध्ययन प्रारम्भ भएको हो । खास गरी दोस्रो विश्वयुद्धपछि साहित्यिक क्षेत्रमा अवरजनिक विशेषता वा प्रवृत्ति देखा परेको हो । यस अनुसार पीडित व्यक्तिका सङ्घर्षका अभियानहरू आज साहित्य सिर्जना र समीक्षाका आधारभूत विषय बनेका छन् (सुवेदी, २०६८, पृ. ७३) । इटलीका एन्टोनियो ग्राम्सीको प्रिजन नोटबुकलाई अवरजन चिन्तनसम्बन्धी महत्त्वपूर्ण सामग्री मानिन्छ । यिनको प्रभुत्व (हेजेमोनी) सम्बन्धी मान्यता अवरजन अध्ययनका लागि उपयोगी आधार बन्यो । प्रभुत्व नै अवरजन निर्माणको कारण बनेको कुरालाई उनले प्रस्तुत गरेका छन् । उनका अनुसार प्रभुत्व सधैँ अपूर्ण रहने चिज हो । शासक वर्गलाई जनताको समर्थन प्राप्त गर्नुपरेमा वा सत्तामा टिकिरहनुपर्ने अवस्था आएमा उनीहरूलाई केही छुट दिएर तिनको समर्थन लिने गर्दछन् । सर्वहारा वर्गले यो कुरा बुझेपछि वैचारिक नियन्त्रणका लागि शासक वर्गसँग सङ्घर्ष गर्न थाल्दछन् र शासक र सर्वहारा वर्गका बिचमा निरन्तर सङ्घर्ष चलिरहन्छ (भट्टराई, २०७७, पृ. ३३) । सङ्घर्षबाट नै सर्वहारा (सीमान्तीय) वर्गले उपलब्धि हासिल गर्न सक्ने उनको विचार थियो । उनी नयाँ ऐतिहासिक शिविर (नयाँ समाज तथा राज्य) को निर्माण गरी सर्वहारा वर्गको नयाँ सांस्कृतिक वर्चस्व स्थापित गर्न चाहन्थे (चापागाईँ, २०७३, पृ. ९९) । सर्वहारा (सीमान्तीय) वर्गको उत्थानका लागि नै उनका विचारहरू उक्त नोटबुकमार्फत व्यक्त भएका थिए ।

सबाल्टर्न अध्ययनमा अस्ट्रेलियाको राष्ट्रिय विश्वविद्यालयका भारतीय मूलका प्राध्यापक रन्जित गुहाको योगदान मननीय छ (बराल, २०७३, पृ. १७२) । पश्चिमीहरूले तयार गरको भारतको इतिहासमा उपनिवेशवादी मनोवृत्ति हावी भएको र भारतीय इतिहासकारहरूले लेखेको इतिहासमा पनि त्यहाँको समाज निर्माणमा तल्लो वर्गको भूमिका बिर्सेको कुरालाई गुहाले उल्लेख गरेका छन् । यसरी तल्लो तहका मानिसको भूमिकालाई पनि बिर्सन नहुने गुहाको भनाइ अवरजन अध्ययनका लागि आधार बन्न पुगेको छ ।

गोफम्यानको स्टिग्मा सिद्धान्त (Stigma Theory) पनि अवरजन अध्ययनका लागि उपयोगी छ । यिनका अनुसार स्टिग्मा भनेको परोक्ष सामाजिक पहिचान र वास्तविक सामाजिक पहिचानबिचको अन्तरको विशेष प्रकार हो (Wikipedia contributors, 2024) । अवरजनिक अवस्थामा पनि उपेक्षितता, विभेदितता र हीनताको प्रयोग भएको हुन्छ र एकै लिङ्ग, जाति, वर्ग, रूप, रङ्ग, र क्षमताभित्र पनि सीमान्तताका कारणले विभेदतता उत्पन्न भएको हुन्छ भन्ने गोफम्यानको धारणा छ (सुवेदी, २०६८, पृ. ७४) । व्यक्ति अवरजन बन्नका लागि अनेक कारणहरूको भूमिका रहेको हुन्छ । यस्ता विभेदमा रहेका व्यक्तिहरूको चित्रण र वर्णन गरी तयार गरिएको साहित्य नै अवरजन साहित्य बन्न पुग्छ ।

## विधि र सामग्री

यो लेख गुणात्मक ढाँचाको अवलम्बन गरी तयार गरिएको छ । यहाँ उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा चयन गरिएको 'हर्कबहादुर' कवितालाई अध्ययनको विषय बनाइएको छ । अध्ययनका क्रममा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा कवि दिनेश अधिकारीद्वारा रचना गरिएको *धर्तीको गीत* कविता सङ्ग्रहको 'हर्कबहादुर' कविताका सान्दर्भिक पङ्क्तिहरूलाई उपयोग गरिएको छ

भने द्वितीय स्रोतको सामग्रीहरूका रूपमा विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूलाई प्रयोग गरिएको छ। प्राथमिक र द्वितीय स्रोतका सामग्रीहरूलाई पुस्तकालय तथा बिद्युतीय माध्यमबाट सङ्कलन गरिएको छ। कविताका पङ्क्तिहरूलाई तथ्यका रूपमा विश्लेषण गरी निष्कर्ष निकालिएको हुँदा प्रस्तुतीकरणको विधिका रूपमा भने यहाँ विश्लेषणात्मक विधिको उपयोग गरिएको छ।

## परिणाम र छलफल

यस लेखमा अवरजन पात्रको उपस्थिति, अवरजनसूचक चारित्रिक अभिलक्षण, पात्रको कार्यव्यापार र प्रतिनिधित्व तथा लेखकीय पक्षधरताका आधारमा 'हर्कबहादुर' कवितामा प्रस्तुत भएको अवरजनिक अवस्थाको विश्लेषण गरिएको छ :

### अवरजन पात्रको उपस्थिति

'हर्कबहादुर' कवितामा 'हर्कबहादुर' र 'म' गरी दुई पात्रहरू प्रयोग भएका छन्। 'म' प्रथम पुरुषको पात्र हो भने 'हर्कबहादुर' तृतीय पुरुषको पात्र हो। यहाँ 'म' ले निम्नवर्गीय हर्कबहादुरका कार्यव्यापार तथा चरित्रको वर्णन गरेको छ। 'म साँच्चै भन्छु भोक यदि देश हो भने हर्कबहादुरभन्दा सुकिलो अर्को देश हुन सक्तैन', 'हर्कबहादुरलाई मेरी स्वास्नीको सिन्दूर पोतेको सलाम', 'हर्कबहादुरलाई मेरी आमाको काखको सलाम' र 'हर्कबहादुरलाई मेरो कविताको सलाम' (अधिकारी, २०४४) भन्ने पङ्क्तिहरूमा 'म' पात्र उपस्थित भएको देखिन्छ। तर ऊ अवरजन पात्र हो भनेर पुष्टि गर्ने आधार कवितामा व्यक्त भएको पाइँदैन। यहाँ हर्कबहादुरका जीवनका माध्यमबाट निम्नवर्गीय नेपालीहरूको जीवन भोगाइको यथार्थतालाई अभिव्यक्त गरी उसलाई अवरजनहरूको एउटा केन्द्रका रूपमा प्रस्तुत गरिएको छ। कवितामा कविका तर्फबाट हर्कबहादुरलाई सम्मान दिइएको भए पनि वास्तवमा ऊ अपहेलित नै छ। कविताभरि हर्कबहादुरको सामाजिक हैसियत, दैनन्दिनी, सोचाइ, भोगाइहरूका आधारमा उसलाई अवरजन पात्र सिद्ध गरिएको छ। कवि समाख्याता भएर हर्कबहादुरको चरित्रको वर्णन गरेका छन् र उनकै प्रतिनिधिका रूपमा आएको 'म' ले हर्कबहादुरलाई अवरजन पात्रका रूपमा चिनाएको छ। यसर्थ यस कवितामा हर्कबहादुर मात्र अवरजन पात्रका रूपमा देखापरेको पुष्टि भएको छ।

### अवरजनसूचक चारित्रिक अभिलक्षण

'हर्कबहादुर' कवितामा वर्णित हर्कबहादुर पात्रमा निम्नलिखित अवरजनसूचक चारित्रिक अभिलक्षणहरू देखिएका छन् :

***मूल्य विहीनता***

उसलाई धेरै नामहरूबाट चिन्न सकिन्छ

ऊ दाउरे पनि हो

ऊ चाउरे पनि हो

ऊ काले पनि हो

अरूहरूबाट आफ्नो सक्कली नाम सुन्न

व्यक्ति, जसले बाबुको सराद्धे पर्खनुपर्छ

ऊ हर्कबहादुर हो (अधिकारी, २०४४, पृ. १ )।

यस कवितांशमा हर्कबहादुरको परिचय प्रस्तुत गरिएको छ। 'उसलाई धेरै नामहरूबाट चिन्न सकिन्छ' भनेर यहाँ हर्कबहादुरलाई बहुपहिचान भएको व्यक्तिका रूपमा प्रस्तुत गरिए पनि उसलाई चिनाउन प्रयोग गरिएका 'दाउरे', 'चाउरे' र 'काले' पदहरू तुच्छतावाचक भएकाले समाजमा उसको उपस्थिति सम्मानजनक छैन भन्ने देखिन्छ। पौड्यालले व्यक्तिको पहिचान यसरी समाजमा अपहेलित भई स्थापित हुनुको कारक वर्गीय आधारमा निर्माण भएको शरीर राजनीति हो भनेका छन् (२०७७, पृ.१७९)। यसर्थ यहाँ हर्कबहादुरको शरीरप्रति राजनीति गरिएको देखिन्छ। अझ अरूबेला हर्कबहादुरले आफ्नो सक्कली नाम सुन्न नपाएको र सक्कली नाम सुन्न बाबुका सराद्धे पर्खनुपरेको मार्मिक भनाइ पनि यहाँ प्रस्तुत भएको छ। यसबाट समाजले उसलाई हेपेर अति नै अपमान वा अपहेलना गरेको देखिन्छ। निरन्तर तिरस्कार र अपमान बेहोर्न बाध्य भएको विपन्न वर्गको मानव देह समाजका सम्पन्न वर्गका मानिसले उपयोग गर्ने एक वस्तु भएकाले (पौड्याल, २०७७, पृ. १७९) समाजका नजरमा ऊ अस्तित्वशील व्यक्ति नभएर मूल्यहीन सामान्य वस्तु सरहको व्यक्ति मानिएको छ। अरू मान्छे सरहको मान्छे भएर पनि समाजले उसलाई मान्छेका स्तरमा रहेको प्राणी मानेको पाइँदैन। समाज उप्रति उदार, दयालु र व्यक्ति मूल्यको कदर गर्ने खालको नभएर अनुदार बनेको छ। यसरी समाजमा मूल्यहीन भएर बाँचेको हर्कबहादुरलाई सीमान्तीय अवस्थामा रहेको व्यक्ति मान्न सकिन्छ। यसर्थ ऊ अवरजन पात्रका रूपमा रहेको छ।

***परिश्रमी व्यक्ति***

हर्कबहादुर कुनै अर्जुनभन्दा कम पौरखी छैन

हर्कबहादुर एकलव्यको नयाँ संस्करण हो (अधिकारी, २०४४, पृ. १ )।

यहाँ हर्कबहादुरलाई महाभारतकालीन पात्र अर्जुन र एकलव्यसँग तुलना गरिएको छ। निरन्तर परिश्रमपूर्ण अभ्यास र पौखरले युद्धकलामा निपुण सर्वश्रेष्ठ धनुर्धर अर्जुन र निरन्तरको अभ्यासले दक्षता प्राप्त गरेको एकलव्य जस्तै परिश्रमी व्यक्तिका रूपमा हर्कबहादुरलाई चिनाइएकाले ऊ आफ्नो पेसाप्रति निष्ठाका साथ परिश्रम गर्छ भन्ने कुरा स्पष्ट हुन्छ। अर्थात् उसलाई अर्जुन र एकलव्य जत्तिको परिश्रमी व्यक्ति मान्नुको अर्थ ऊ अधिकतम वा हदसम्मको परिश्रम गर्ने व्यक्ति हो भन्ने बुझिन्छ। तर उक्त पङ्क्तिहरूमा पौराणिक पात्रहरू अर्जुन र एकलव्य जस्ता महाआख्यानका केन्द्रसँग गरिएको यो तुलना उसको क्षमता वर्णनका लागि मात्र भएको देखिन्छ। उसलाई उक्त व्यक्तिहरूसँग गरिएको तुलनाबाट ऊ परिणाम निस्कने गरी कार्य गर्न सक्ने पौरखी व्यक्तिका रूपमा चिनिए पनि उनीहरूजस्तो वरजन हुन

सकेको छैन। उसका परिश्रमले उसलाई केन्द्रमा राख्न सकेको छैन। यसर्थ ऊ परिश्रमी भएर पनि अवरजन सिद्ध भएको छ।

***श्रमजीवी कृषक***

बिहान झिसमिसेमै गोरु नारेर ऊ

कहिले बाँझो मार्न जान्छ

कहिले कोदाली बोकेर

आली ताछन र बाउसे गर्न भ्याउँछ (अधिकारी, २०४४, पृ. १)।

यी पङ्क्तिहरूमा हर्कबहादुरको दिनचर्याको वर्णन गरिएको छ। यहाँ बिहानै गोरु नानेर बाँझो मार्ने तथा कोदाली बोकेर आली ताछ्ने र बाउसे गर्न भ्याउने भनिएकाले हर्कबहादुर कृषक हो भन्ने बुझिन्छ। यस्ता कार्य झिसमिसेमै गर्न भ्याउने व्यक्तिका रूपमा उसलाई चित्रण गरिएकाले ऊ श्रमजीवी व्यक्ति पनि हो भन्ने देखिन्छ। कृषिबाहेका हर्कबहादुरको अर्को पेसा पनि देखिँदैन। उसले जीवनमा ठुलो कुराको अपेक्षा नगरी कृषि जीवनमा आवश्यक वस्तुहरूको मात्र अपेक्षा गरेको छ। कवितामा भनिएको छ :

माग्दा

उसले अन्नका दानाहरू मागेको छ

कपासका गाँठ र बारीका पाटाहरू मागेको छ

...हर्कबहादुरले सधैँ कोदाली मागेको छ (अधिकारी, २०४४, पृ. ३ )।

यी पङ्क्तिहरूमा हर्कबहादुरका अपेक्षा वा चाहनाहरूको वर्णन गरिएको छ। उसका अपेक्षाहरू अन्य कुरा नभएर कृषि जीवनका लागि आवश्यक हुने परिश्रम गर्न मिल्ने स्थान (बारीका पाटा), बिउ (अन्नका दाना र कपासका गाँठ) तथा कृषिऔजार (कोदाली) छन्। ऊसँग अन्य कुरा माग्ने वा अपेक्षा गर्ने चैतन्य पनि देखिँदैन। कृषक हुनुका नाताले आफूलाई दैनन्दिनीमा जे कुराको आवश्यकता पर्दछ त्यही नै उसले मागेको छ। एउटा कृषकले चाहने कुरा पनि यिनै वस्तुहरू भएकाले ऊ श्रमजीवी कृषक हो भन्ने कुरालाई पुष्टि गरेको छ।

***गरिब***

ऊ नाङ्गो आङले भारी बोक्छ

ऊ नाङ्गो आङले धर्ती जोत्छ (अधिकारी, २०४४, पृ. २ )।

हर्कबहादुरको शरीरमा लगाउने लुगाको व्यवस्था नभएकाले उसको आङ नाङ्गो छ। ऊ नाङ्गो आङले भारी बोक्ने र धर्ती जोत्ने कार्य गर्छ भनिएकाले उसको गरिबीको अवस्था चरमोत्कर्षमा छ भन्ने देखिन्छ। गाँस र बास

जत्तिकै आधारभूत आवश्यकताको वस्तु कपासको व्यवस्थापनसम्म पनि गर्न नसक्ने व्यक्ति भएकाले ऊ गरिबमध्येको गरिबका रूपमा रहेको छ । कमसेकम काम गर्दा त लुगा लगाउन पाउनु पर्ने हो तर घरमा लुगा नभएकै कारणले उसले लुगा लगाउन सकेको छैन । कवितामा ऊ ज्यादै गरिब हो भन्ने कुरालाई यसरी पनि दर्साइएको छ :

हर्कबहादुर भोक हो

भोकको देश र भेष पनि हुँदैन (अधिकारी, २०४४, पृ. ३ ) ।

यहाँ हर्कबहादुरलाई भोकको पर्याय मानिएको छ । खान पुगेको भए उसलाई भोको व्यक्तिका रूपमा चित्रण गरिने थिएन । खान नपाएकै कारणा ऊ भोकाएको अवस्थामा छ भन्ने बुझिन्छ । कृषक भएर पनि भोक भोकै कार्य गर्नु पर्ने उसको अवस्था दयनीय छ । कृषिकार्य श्रमसाध्य छ । यस्तो गोरु जोत्ने, बाउसे गर्ने, आली ताछ्ने जस्ता अति परिश्रम पर्ने कार्यमा संलग्न व्यक्तिले भोकै काम गर्नु ज्यादै कठिन छ तथापि वाध्यतावस ऊ उक्त कठिन कार्यहरूलाई पनि भोकै सम्पन्न गर्छ । यो उसको गरिबी अवस्थालाई पुष्टि गर्ने अर्को प्रमाण हो ।

***वर्गचेतनाहीन***

हर्कबहादुरलाई आफू बाँचेको युग थाहा छैन

गते,

बार,

महिना,

ऋतु,

वर्ष

र तिथि पनि थाहा छैन

समय, सायद आफ्नो पुच्छर आफैँले निल्ने सर्पले भोग्छ

समय, सादय हात हतियार छाड्ने कल कारखानाले भोग्छ

योजनाले भोग्छ (अधिकारी, २०४४, पृ. २-३ ) ।

यहाँ हर्कबहादुरको वर्गचेतनाको अवस्था के कस्तो छ भनेर उल्लेख गरिएको छ । आफू बाँचेको युग, गते, बार, महिना, ऋतु, वर्ष र तिथि केही पनि थाहा नपाउने व्यक्तिका रूपमा हर्कबहादुरलाई यहाँ चिनाइएको छ । दैनिक रूपमा थाहा पाइरहनु पर्ने यस्ता कुरा पनि थाहा नपाउने भनिएकाले ऊ अत्यन्त असचेत व्यक्ति हो भन्ने बुझिन्छ । यसर्थ समाज, शासन, सत्ता, अधिकारजस्ता कुरा उसका चेतनाको पहुँचभित्र नभएको स्पष्ट हुन्छ । यहाँ 'समय आफ्नो पुच्छर आफैँले निल्ने सर्पले भोग्छ', 'हात हतियार छाड्ने कल कारखानाले भोग्छ' र 'योजनाले भोग्छ' पनि भनिएको छ । सर्प

विवेकशून्य प्राणी हो भने कल कारखाना र योजना निर्जीव वस्तु हुन् । बरु यस्ता प्राणी र वस्तुका लागि समय भोगिने विषय होला, हर्कबहादुर मानिस भएर पनि उसका लागि समय भोगिने विषय बन्न सकेन । उसमा उक्त प्राणी तथा वस्तु जत्तिको सचेतना पनि नभएको हुनाले पूर्ण रूपले अचेतनशील अवस्थामा रहेको स्पष्ट हुन्छ । यसर्थ ऊ वर्गचेतना शून्य व्यक्तिका रूपमा यहाँ उपस्थित भएको देखिन्छ ।

***पीडित***

भोग्दा

उसले महिषासुर झापडहरू भोगेको छ ।

हर्कबहादुर ठेस हो

पीडा आकारमा आबद्ध हुँदैन

पीडाको साँध सिमाना र घरबार पनि हुँदैन

म साँच्चै भन्छु

भोक यदि देश हो भने

हर्कबहादुरभन्दा सुकिलो अर्को देश हुन सक्तैन

शोक यदि देश हो भने

हर्कबहादुरभन्दा ठुलो अर्को देश हुनै सक्तैन (अधिकारी, २०४४, पृ. ३ ) ।

यहाँ हर्कबहादुरलाई जीवनमा अनेक पटक पीडा भोगेको व्यक्तिका रूपमा चिनाइएको छ । 'महिषासुर झापड' र 'हर्कबहादुर ठेस हो' भन्ने पङ्क्तिहरूले यही कुरालाई सङ्केत गर्दछन् । उसले भोगेको पीडालाई मापन गर्न पनि सकिँदैन किनभने पीडाको आकार, साँध सिमाना र घरबार हुँदैन । यसको तात्पर्य के हो भने उसले भोगेको पीडाको सीमा नै छैन र अमापनीय अवस्थाको पीडा र समस्या उसले भोगेको छ । उसले भोक र शोक दुवै अवस्थाको पीडा भोगेको छ । भोकलाई देश मान्ने हो भने हर्कबहादुरभन्दा सुकिलो देश हुन नसक्ने र शोकलाई देश मान्ने हो भने ऊभन्दा ठुलो देश हुन नसक्ने भनेर उसले भोगेको तीव्र पीडाको अवस्थालाई अभिव्यक्त गरिएको छ । यसर्थ हर्कबहादुर ऊ बाँचेको समाजमा अत्यन्त पीडित र समस्याग्रस्त व्यक्तिका रूपमा परिचित छ ।

***सुविधाबाट वञ्चित***

राष्ट्रियता ! राष्ट्रियता !! राष्ट्रियता !!!

स्वाधीनता ! स्वाधीनता !! स्वाधीनता !!!

नागरिकता ! नागरिकता !! नागरिकता !!!

परार उसकी सात बर्से छोरी

सर्पले टोकेर अकाल मर्दा

खै ! राष्ट्रियता औषधीमा अनुवाद हुन सकेको ?

पोहोर अनिकालबाट बच्न

छोरो मुग्लान भासिँदा

खै ! स्वाधीनताले 'नजा' भन्न सकेको ?

यसै पालि

बाढीले गाउँ बगाउँदा

खै ! नागरिकता घर भएर ठडिन सकेको (अधिकारी, २०४४, पृ. ४) ?

हर्कबहादुर निम्न वर्गको पात्र भएकाले राज्यसमक्ष न ऊ आफैँ बोल्न सक्छ न उसको समस्या समाधानमा राज्य आफैँले बुझेर सहयोग गर्छ । सर्पले टोकेर सात बर्से छोरी अकालमा मर्दा नेपाली भएका नाताले उसले राज्यबाट उपचारको सुविधा पनि लिन वा पाउन सकेको छैन । हर्कबहादुर जस्ता व्यक्तिहरूलाई देशको नागरिक भनिएको छ, नागरिकता बाँडिएको छ तर नागरिकका हैसियतले प्राप्त हुने सामान्य कुराको पहुँचबाट निम्नवर्ग सधैँ टाढा छ (वाग्ले, सन् २०२४, पृ. १५७) । अनिकालबाट सताइएको हर्कबहादुरको छोरो अनिकालबाट बच्न मुग्लान भासिनु पर्दा उसलाई स्वाधीन राज्यले अनिकालबाट बचाउन सकेको छैन भने बाढी र पहिरोले गाउँ बगाउँदा समेत नागरिकले राज्यबाट पाउने कुनै सुविधा पाउन सकेको छैन । यसरी राज्यबाट उपेक्षित भएर हर्कबहादुर बाँचेको छ र राज्यकै नागरिक भएर पनि सम्पन्न व्यक्तिले पाए सरहको अधिकार र सुविधा प्राप्त गर्न सकेको देखिँदैन ।

***आशावादी***

हो, गाउँका सभा समारोहमा जाँदा

हर्कबहादुर

टिठ लाग्दा आँखाले

घरी झन्डा र घरी आफ्नो आङ हेर्छ

घरी आफ्नो आङ र घरी झन्डा हेर्छ (अधिकारी, २०४४, पृ. २ ) ।

मान्छेका लागि प्रयोग हुनुपर्ने कपडा मान्छेका लागि नभई सभा समारोहमा प्रयोग गर्नु उपयुक्त हुँदैनथ्यो भन्ने आशयलाई सङ्केत गर्न कवितामा उक्त पङ्क्तिहरू प्रयोग गरिएका छन् । हर्कबहादुरको शरीर नाङ्गो भएकाले ऊ सभा समारोहमा प्रयोग भएको कपडा हेर्न पुग्छ । उसका घरमा कपडा नभएकाले त्यहाँ प्रयोग भएको कपडाले आफ्नो आङ

ढाक्न पाए हुने आशामा ऊ आफ्नो शरीर र झन्डालाई हेर्न पुग्छ । गरिबको आशावादी अवस्थालाई पुष्टि गर्ने यी पङ्क्तिहरूले उसको अवरजन अवस्थालाई पुष्टि गरेका छन् । हर्कबहादुरको आशा यसरी पनि व्यक्त भएको छ :

सायद हर्कबहादुर

मनहरूमा कोलम्बस पनि बाँच्छ (अधिकारी, २०४४, पृ. २) ।

यहाँ हर्कबहादुर आशामा बाँचेको छ भन्ने कुरालाई सङ्केत गरिएको छ । नयाँ संसार पत्ता लगाउने आशामा रहेका कोलम्बसले अमेरिका पत्ता लगाएको ऐतिहासिक सन्दर्भ उल्लेख गर्दै यहाँ कोलम्बसका जस्तै हर्कबहादुरका मनमा पनि आशा कायम रहेको आशय व्यक्त गरिएको छ । उसको जीवनलाई बचाइराख्ने आधार नै आशा भएकाले भविष्यमा आफ्ना आशा वा अपेक्षाहरू पूरा हुनेछन् भन्ने बुझाइ उसमा रहेको कुरालाई समेत 'मनहरूमा कोलम्बस पनि बाँच्छ' भन्ने पङ्क्तिले सङ्केत गरेको छ ।

***चिन्तित***

खर्च नपाएर आफैँमा तरुनी छोरीको बैँस बुढी स्वास्नीको भोक काँपिरहेको

दिमागमा छोराछोरीको लुगाफाटो

र छातीमा आफ्नै सहिद तस्बिर टाँगिरहेको (अधिकारी, २०४४, पृ. ५) ।

हर्कबहादुरको जीवन कस्तो छ वा कसरी उसले जीवन बिताइरहेको छ भन्ने कुरालाई यी पङ्क्तिहरूमा व्यक्त गरिएको छ । तरुनी छोरीको बिहे गर्ने बेलामा खर्च नपाएर बिहे गर्न नसक्नु, बुढी स्वास्नी खान नपुगेर भोकभोकै बस्नु, छोराछोरीलाई लुगा किनिदिन नसक्नु उसका चिन्ताका कारणहरू हुन् । परिवारको अनिवार्य वा आधारभूत आवश्यकता पनि पूरा गर्न नसक्ने अवस्थामा पुगेर ऊ बाँचेको छ । यसले गर्दा ऊ बाँचेर पनि मरेतुल्य व्यक्ति बनेको छ । आफ्नै छातीमा मृत्युमय सहिद तस्बिर टाँसेर बाँचेको हर्कबहादुर जिउँदो सहिद बनेको छ । 'छातीमा आफ्नै सहिद तस्बिर टाँगिरहेको' भन्ने पङ्क्तिले यही आशयलाई सङ्केत गरेको छ । यस्तो अवस्थाले उसको गरिबीलाई समेत द्योतन गरेको छ । यसरी हर्कबहादुरको जीवन पीडामुक्त नभएर चिन्तायुक्त देखिएको छ ।

**पात्रको कार्यव्यापार र प्रतिनिधित्व**

यस कवितामा हर्कबहादुरका कार्यहरूको वर्णन गरिएको छ । बिहान झिसमिसमै गोरु नारेर बाँझो मार्न जाने, कोदाली बोकेर आली ताछ्ने र बाउसे गर्ने कार्य उसले गरेको छ । ऊ नाङ्गो शरीरले भारी बोक्ने र धर्ती जोत्ने पनि गर्दछ । कहिले काहीँ गाउँमा आयोजित सभा समारोहमा जान्छ पनि र त्यस कार्यक्रममा प्रयोग भएको झन्डालाई हेरेर झन्डामा प्रयोग भए जति कपडा पाए आफ्नो नाङ्गो शरीर ढाकिने आशा पनि गर्दछ । आफू बाँचेको युग थाहा नपाउने हर्कबहादुरले फुर्सदको समय पाएको छैन । कोदाली, अनाजका बिउ र बारीका पाटाको अपेक्षा मात्र गर्न सक्ने हर्कबहादुर गरिबीले सताइएको छ । त्यसैले सात वर्षकी सानी छोरीलाई सर्पले टोकेका बखत उपचार गर्न नसकी उसले

गुमाउनु परेको छ भने अनिकालको समस्याबाट बच्न उसको छोरो मुग्लानतिर भासिनुपरेको छ । बाढीले गाउँ बगाउँदा ऊसमेत बाढीपीडित बन्नु परेको छ । राज्यबाट कुनै प्रकारको सुविधा लिन नसकेको र नपाएको हर्कबहादुर निमुखो छ । उसलाई वास्तविक नामबाट सम्बोधन नगरी  अपहेलित नामबाट बोलाउँदा पनि विरोध गर्न नसक्ने अति निरीह पात्रका रूपमा चिनिएको छ । यी कार्यव्यापार र भूमिकाले ऊ अवरजन व्यक्ति हो भन्ने कुरालाई समर्थन गरेका छन् ।

हर्कबहादुर निम्नवर्गको प्रतिनिधि पात्र हो । ऊ व्यक्ति पात्र नभएर जाति पात्रका रूपमा आएको छ । यहाँ हर्कबहादुरलाई हरिऔनको बासिन्दा मात्र नमानेर देशका अन्य भागमा भएका गरिबहरू सबै हर्कबहादुर हुन् भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ:

भनेँ नि !

हर्कबहादुरको देश छैन

हर्कबहादुर हरिऔनको बासिन्दा मात्र पनि होइन

ऊ तपाईँको गाउँमा/सहरमा/देशमा पनि भेटिन सक्छ

जितबहादुर पनि हर्कबहादुर हो

भीमप्रसाद पनि हर्कबहादुर हो (अधिकारी, २०४४, पृ. ५) ।

यी पङ्क्तिहरूबाट हर्कबहादुर गाउँमा/सहरमा/देशमा भेटिन सक्ने गरिबहरूको प्रतिनिधि पात्र हो भन्ने कुरा स्पष्ट हुन्छ । प्रतिनिधि पात्रले आफ्नो वातावरणका प्रमुख निर्णायक विशेषताहरूलाई सञ्चयन र समायोजन गरेर व्यक्तिगत नियतिका माध्यमबाट प्रकट गर्ने भएकाले (चापागाईँ, २०५१, पृ. ४९) हर्कबहादुरले पनि आफ्ना परिवेशका मुख्य विशेषताहरूलाई ग्रहण गर्दै आफ्ना नियतिका माध्यमबाट प्रकट गरेको छ । गरिबहरू खास भूगोलमा मात्र बसोबास गर्दैनन् र तिनीहरू छरिएर रहन सक्छन् । जहाँ बसे पनि गरिबहरू समस्याग्रस्त हुन्छन् । हर्कबहादुरले भोगेका समस्याहरू अरू गरिब वा सीमान्तीकृत व्यक्तिका पनि समस्या भएकाले उसले अरू गरिब वा सीमान्तीकृत व्यक्तिहरूको प्रतिनिधित्व गरेको पाइन्छ । यसर्थ यहाँ हर्कबहादुर प्रतिनिधि पात्रका रूपमा उपस्थित भएको छ ।

**लेखकीय पक्षधरता**

लेखक कसका पक्षमा छन् भन्ने कुरा उनले प्रस्तुत गरेका विचारबाट थाहा पाउन सकिन्छ । उनका तर्फबाट हर्कबहादुरका लागि व्यक्त भएका कथनहरू र समाज तथा राष्ट्रप्रति लक्षित उनका धारणाहरूलाई हेरेर उनको पक्षधरता निर्धारण गर्न सकिन्छ । कवितामा हर्कबहादुरजस्ता गरिबहरूका लागि उनका विचारहरू यसरी व्यक्त भएका छन् :

मान्छेको प्रयोगमा आउनुभन्दा पर

वस्तुको अर्को ठुलो उपयोगिता छैन भने

बटुलेर संसारभरिका झन्डाहरू

लुगा सिउँदा

हरेक नाङ्गोलाई भाग पुग्छ

हरेकलाई कछाड पुग्छ

हरेकलाई मजेत्रो पुग्छ

झन्डा मान्छेको परिचय होइन

मान्छे स्वयंमा इतिहास हुन्छ

मान्छे स्वयम्मा परिलक्षित आकाश हुन्छ (अधिकारी, २०४४, पृ. २)।

यहाँ गरिबहरूप्रति कविको धारणा प्रस्तुत भएको छ । मान्छेका उपयोगमा आएको वस्तुको मात्र वास्तविक उपयोगिता रहने भएकाले मान्छेलाई महत्त्व दिनुपर्छ भन्ने कविको विचार यहाँ प्रस्तुत भएको छ । यसका साथै नाङ्गो आङमा बाँचेका मानिसहरूको शरीर पहिले ढाक्नुपर्छ, झन्डामा प्रयोग भएको कपडा नाङ्गो शरीर भएका व्यक्तिलाई दिने हो भने तिनको अवस्थामा सुधार आउने भएकाले कपडालाई झन्डामा नभएर नाङ्गो शरीर ढाक्नमा प्रयोग गर्नुपर्छ, यसबाट गरिबहरूको समस्या समाधानमा सहयोग पुग्दछ भन्ने कविको विचार अवरजन व्यक्तिको पक्षमा व्यक्त भएको छ । मान्छे स्वयंमा परिचित व्यक्ति भएकाले झन्डालाई मान्छेको परिचयका निमित्त प्रयोग गर्न उपयुक्त नहुने कविको विचारसमेत गरिब, निमुखा वा सीमान्तीकृत व्यक्तिका पक्षमा नै रहेको पाइएको छ । कवितामा अगाडि भनिएको छ :

हर्कबहादुरलाई मेरी स्वास्नीको सिन्दूर पोतेको सलाम

हर्कबहादुरलाई मेरी आमाको काखको सलाम

सलाम !

मान्छे करङको दतिउन

र हाडको चन्दन लेप नलगाएर

मन्दिर र मस्जिदभन्दा पनि पवित्र बाँचिरहेको

हर्कबहादुरलाई मेरो कविताको सलाम (अधिकारी, २०४४, पृ. ५)।

यहाँ कविले ‘म’ पात्रका माध्यमबाट आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । अवरजन व्यक्तिप्रति कविको सम्मान रहेको कुरालाई यी पङ्क्तिहरूबाट व्यक्त गरिएको छ । हर्कबहादुरजस्ता व्यक्तिलाई समाज र राष्ट्रले उचित व्यवहार गर्न नसके पनि कविले उनीहरूलाई श्रद्धा प्रकट गरेका छन् । उनले व्यक्त गरेको श्रद्धा र सम्मान पनि सामान्य किसिमको छैन । आफ्नी श्रीमतीले सिन्दूर र पोतेलाई जुन स्तरको श्रद्धा, सम्मान र मूल्य प्रदान गर्दछिन्, कवि स्वयं आफ्नी आमाको स्नेहपूर्ण काखलाई जुन स्तरको श्रद्धा गर्छन् र कविको आफ्नो रचना (मनको भाव) लाई जुन स्तरको

मूल्य प्रदान गर्दछन् उनले त्यही स्तरको श्रद्धा, सम्मान वा मूल्य अवरजन व्यक्तिलाई प्रदान गरेका छन् । यो अवरजन पात्रका पक्षमा व्यक्त गरिएको असाधारण श्रद्धाभावको उदाहरण हो । यसबाट कवि कोही पनि व्यक्ति अवरजन भएर बाँच्नु नपरोस् र सबै वरजन हुन् भन्ने भावना राख्छन् भन्ने कुरा प्रमाणित हुन पुगेको छ । यस्ता अवरजन व्यक्तिलाई विषय बनाएर यहाँ प्रतिआख्यानको धर्म निर्वाह गरिएको पनि पाइएको छ ।

**निष्कर्ष**

कवि दिनेश अधिकारीकृत 'हर्कबहादुर' कवितामा हर्कबहादुरलाई अवरजन पात्रका रूपमा प्रस्तुत गरिएको छ । यहाँ 'म' पात्रको प्रयोग भए तापनि उसलाई अवरजन पात्रका रूपमा चित्रण गरिएको छैन । हर्कबहादुरमा भने अवरजन व्यक्तिमा हुने अनेक विशेषताहरू यस कवितामा व्यक्त भएका छन् । ऊ समाजमा मूल्यहीन व्यक्तिका रूपमा रहेको छ । निरीह जीवन बाँचेको हर्कबहादुरलाई समाजले उचित व्यवहार गर्नुको साटो अपहेलना गरी तुच्छतावाचक अनेक नाम राखेर बोलाउने गरेका छन् । बाँच्नका लागि सधैँ बेफुर्सद भएर कृषि कार्यमा संलग्न भएकाले ऊ अत्यन्त परिश्रमी कृषक हो भन्ने देखिन्छ । आर्थिक हिसाबले हेर्दा ऊ अत्यन्त गरिब व्यक्ति हो । आधारभूत आवश्यकताका वस्तुहरू गाँस र कपासको समेत व्यवस्था गर्न नसकेको हुनाले ऊ निरुपाय अवस्थामा रहेको छ । गते, बार, महिना, ऋतु, वर्ष जस्ता समयसूचक कुराहरूको समेत हेक्का नभएकाले उसमा सचेत मान्छेमा हुनुपर्ने चैतन्यसमेत देखिँदैन । ऊ पीडित भएर बाँचेको छ । प्राकृतिक विपत्तिबाट सताइएको उसलाई राज्यबाट सर्पको विषको उपचार समेत प्राप्त भएको छैन । छोरो विदेश जाँदा स्वाधीनताले रोक्न नसक्ने अवस्था उसले भोगिरहेको छ । राष्ट्रका नागरिकले नागरिक भए बापत पाउने सुविधाबाट समेत वञ्चित भएकाले समस्यामा परेका बखत राज्य उसको सहायक बन्न सकेको छैन । तैपनि ऊ आशावादी भएर बाँचिरहेको छ । सधैँ चिन्तै चिन्तामा बाँचेको हर्कबहादुरका जीवनमा खुसी आउन सकेको छैन । ऊ व्यक्ति पात्र मात्र नभएर तमाम अवरजनहरूको प्रतिनिधिका रूपमा आएको छ । कविले हर्कबहादुरजस्तो निरीह, निमुखो र असक्षम व्यक्तिलाई श्रद्धा तथा सम्मान व्यक्त गर्दै मानवीय मूल्य प्रदान गरेका छन् । कवितामा यिनलाई स्थान दिएर उनले कवितालाई प्रतिआख्यानमूलक तुल्याएका छन् । हर्कबहादुरलाई पात्रका रूपमा प्रस्तुत गरी उसका माध्यमबाट निम्नवर्गीय नेपालीहरूको अवरजनिक अवस्थाको वर्णन गरिएको यो कविता अवरजन प्रयोगको एउटा नमुना कविता हो ।

**सन्दर्भसामग्रीसूची**

अधिकारी, दिनेश (२०४४), *धर्तीको गीत,* साझा प्रकाशन ।

चापागाईँ, निनु (२०५१), *यथार्थवादी रचना दृष्टि र विवेचना*, दिल वरदान र महिम चापागाईँ ।

चापागाईँ, निनु (२०७३), *पूर्ववाद र सइदेली विचार*, साझा प्रकाशन ।

ढुङ्गेल, प्रवीण (सन् २०२३), कविताको कथा : हर्कबहादुर, *साहित्यपोष्ट डट कम*, https://sahityapost.com.

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन।

पौड्याल, षडानन्द (२०७७), *नेपाली आख्यानमा शरीर राजनीति,* नेपाल प्रज्ञा-प्रतिष्ठान।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्टर्न अध्ययन*, साझा प्रकाशन।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*, भुँडी पुराण प्रकाशन।

वाग्ले, महेन्द्र (सन् २०२४), हर्कबहादुर कवितामा समसामयिक यथार्थ, *एकेडेकिया रिसर्च जर्नल*, ३(१), पृ. १४८-१५८, DOI: https://doi.org/10.3126/academia.v3i1.61274 .

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना*, क्वेस्ट पब्लिकेसन।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* ओरिएन्टल पब्लिकेसन।

सुवेदी, राजेन्द्र (२०६८), *नेपाली समालोचना : परम्परा र प्रवृत्ति*, (दोस्रो संस्क.), पाठ्यसामग्री प्रकाशन।

Wikipedia contributors. (2024, November 14). *Social stigma*. Wikipedia. https://en.wikipedia.org/wiki/Social_stigma